बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३

च.नं.:१४१२

मिति - २०८२/११/०५

सर्वश्रेष्ठ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.

बौदीकाली -२ डेढगाउँ

विषयः नदि घाट उत्खनन तथा संकलन सम्वन्धमा।

उपरोक्त सन्दर्भमा यस कार्यालयसँग भएको सम्झौता अनुसार सञ्चालित नदि घाट उत्खनन तथा संकलन कार्यको प्रगति, अभिलेखीकरण तथा वातावरणीय दायित्वसम्बन्धी विवरण नियमित रूपमा कार्यालयमा प्राप्त नभएको देखिएको हुँदा सम्झौता तथा प्रचलित कानुनी व्यवस्था बमोजिम निम्न विवरणहरु प्रमाणसहित तयार गरी लिखित रूपमा पेश गर्न अनुरोध गरिन्छ।

<u>माग गरिएको विवरणहरुः-</u>

१. हालसम्म जम्मा उत्खनन गरिएको परिमाणको विस्तृत हिसाब तथा सोसँग सम्बन्धित प्रमाण कागजातहरु।

२. दैनिक उत्खनन परिमाण सम्बन्धी विवरण प्राविधिक समक्ष समयमै पेश हुन नसकेको सम्बन्धमा कारणसहितको स्पष्टिकरण।

३. घाट नजिक अवस्थित क्रसर उद्योगमा हालसम्म ढुवानी गरिएको उत्खनन परिमाणको पूर्ण विवरण।

४. यस पालिकाभित्र सञ्चालनमा रहेका संघीय तथा प्रदेशस्तरीय आयोजनाहरु (रणनीतिक मार्ग, प्रदेश मार्ग आदि) मार्फत उत्खनन तथा संकलन गरिएको परिमाण सम्बन्धी जानकारी।

५. चालु आ.व. भित्र उत्खनन तथा संकलन भएका सामग्रीहरु कुन-कुन स्थानमा कसले कति परिमाणमा स्टक गरेको छ भन्ने विस्तृत विवरण।

राजेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३

च.नं.: १४१५

६. वातावरणमा पर्ने असर न्यूनीकरण तथा प्रदूषण नियन्त्रणका लागि अपनाइएका उपायहरु तथा तिनको कार्यान्वयन अवस्था।

७. आगामी कार्ययोजना तथा कार्यान्वयनका क्रममा देखिएका समस्या/चुनौतीहरु।

८. नदीको पानीको बहाव क्षेत्रमा समेत उत्खनन गरी चिसै पानी सहित ढुवानी गरिएको भन्ने गुनासो पटक - पटक प्राप्त भएकोले उक्त विषयमा स्पष्टिकरण तथा वास्तविक अवस्था सम्बन्धी विवरण।

उपरोक्त सम्पूर्ण विवरण यस पत्र प्राप्त भएको मितिले सात (७) दिनभित्र कार्यालयमा उपस्थित भई पेश गर्नुहुन जानकारी गराइन्छ। अन्यथा सम्झौता तथा प्रचलित ऐन, नियमावली वमोजिम आवश्यक कारवाही अगाडि वढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

कार्यालयसँग समन्वय, पारदर्शिता तथा उत्तरदायित्व कायम गरी कार्य सञ्चालन गर्नुहुन अपेक्षा गरिएको छ।

.................................

राकेश कुमार चौधरी

प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी



CamScanner